# माण्डवी गाउँपालिका
# आर्थिक वर्ष २०७९/०८० पहिलो चौमासिक
# सार्वजनिक सुनुवाई कार्यक्रम
# प्रतिवेदन

**सार्वजनिक सुनुवाई संचालन मिति**

**२०७९ पौष १८ गते**

**प्रतिवेदन पेश गर्ने**

**नेपाल पत्रकार महासंघ**
जिल्ला शाखा, प्यूठान

## १. पृष्ठभूमी :

स्थानीय तह र नागरिक विचको सुसम्वन्ध कायम गराउँदै विकास निर्माणमा हातेमालो र सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनदै सरकारका विभिन्न अगंहरुसंग नागरिकको प्रत्यक्ष हातेमालोलाई अग्रसर बनाउनका लागि सार्वजनिक सुनुवाई एक महत्वपूर्ण कार्यकोरुपमा स्थापित हुदै आएको पाईन्छ। शुसासनयूक्त समाज र नागरिक प्रतिको उत्तरदायि सरकारको दायित्वबोध गराउँन समेत सार्वजनिक सुनुवाई कार्यक्रम प्रभावकारी छ। नागरिक र सरकार विचको दोहोरो संवाद मार्फत नागरिकलाई विकास निर्माणको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई नेपाल सरकार माननीय मन्त्रीस्तरको मिति २०६८।०१।१२ को निर्णय अनुसार स्वीकृत "स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७" जारी गरिएको छ।

यस्तै राज्यको पुर्नसंरचना संगै तिन तहका सरकार अहिले क्रियाशिल छन्। हाल सबै कामहरु स्थानीय तहहरु मार्फत संचालन भइरहेको बर्तमान अवस्थामा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयले सुशासन प्रबर्द्धन रणनिति तथा कार्ययोजना २०७४ जारि गरेको छ। उक्त कार्ययोजनाले पनि स्थानीय तहहरुले सार्वजनिक सुनुवाईको कुरालाई महत्वका साथ उठाएको छ।

यसै सन्दर्भमा स्थानीय सरकारवाट संचालित विकास निर्माणका कार्यक्रम,सेवा प्रवाह,सार्वजनिक महत्वका विषयहरुमा नागरिक गुनासोहरुलाई सम्वोधन गर्ने अभिप्रायले माण्डवी गाउँपालिका प्यूठानको आयोजना तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठानको समन्वयमा सार्वजनिक सुनुवाई कार्यत्रक्रम सम्पन्न गरिएको छ। आर्थिक वर्ष ०७९/०८० को पहिलो चौमासिकमा भएका विकास कार्य तथा अन्य सेवा प्रवाहको विषयलाई केन्द्रित गर्दै सुनुवाई कार्यक्रम सम्पन्न गरिएको हो। २०७९ पौष १८ गते माण्डवी गाउँपालिकाको सभाहल देविस्थानमा कार्यक्रम सम्पन्न गरिएको हो।

***२) सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम :*** *प्रज्वल पहाडी /कोषाध्यक्ष नेपाल पत्रकार महासंघ,प्यूठान*

**३) आयोजक :** *माण्डवी गाउँपालिकाको कार्यालय, प्यूठान*

***४) सहजिकरण तथा समन्वय :*** *नेपाल पत्रकार महासंघ जिल्ला शाखा प्यूठान*

***५) कार्यक्रम सम्पन्न मिति तथा स्थान :*** *२०७९ पौष १८ गते /माण्डवी गाउँपालिकाको सभाहल देविस्थान प्यूठान*

**६) अध्ययन गरिएको क्षेत्र :**

**(क) बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**

- *गाँऊपालिकाको कार्यालय तथा मातहतका वडा मार्फत सेवा लिई फर्किएकाहरु सहभागी*

**(ख) नागरिक प्रतिवेदन (Citizen Report Card) मा सहभागीहरुको विवरण :-**

- *माण्डवी गाउँपालिका क्षेत्र*

**७) अध्ययन गरिएको अवधि :**

मिति : २०७९ पौष १२ देखि १७

**७) सार्वजनिक सुनुवाईको क्रममा उठेका प्रश्न, जिज्ञासा,सुझाव तथा जवाफदेहि निकायको जवाफ :**

| क्र.सं | प्रश्न गर्नेको नामथर | सहभागीको प्रश्न गुनासो र सुझाव | जवाफदिने पदाधिकारी को नामथर | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | राजेन्द्र राउत क्षेत्री | द्वन्द्व प्रभावीत व्यक्तिका लागि आयस्तर बृद्धिगर्नका लागि गाउँपालिकाको योजना केछ ? र हाल उनका समस्या कसरी समाधान गर्न खोजीएको छ ? | नबराज अधिकारी /अध्यक्ष | ➢ गाउँपालिकाले नीति तथा कार्यक्रमबाटै द्वन्द्व प्रभावित तथा अपाङ्गहरुका लागि लाभान्वीत हुने खालका कार्यक्रमलाई प्राथमिकता दिदै आएको ।<br>➢ यि पक्षहरु संग थप अन्तरक्रिया गरि समस्यालाई थप सम्वोधन गर्नका लागि पालिका अगाडी बढ्ने । |
| २ | निलकण्ठ अधिकारी | आधारभूत विद्यालय शिक्षा सम्मको पठन पाठनलाई निशुल्क भनियपनि कार्यान्वयन हुन किन सकेन ? | नबराज अधिकारी /अध्यक्ष | गाउँपालिकाले पहल गरि रहेको । दरवन्दी अनुसार शिक्षक पदपूर्तिहुन नसक्नु र देशव्यापी रुपमै यो समस्या रहदै आएको । गाउँपालिकाले यो समस्या समाधानका लागि चासो दिदै आएको छ । |
| ३ | निलकण्ठ | स्वास्थ्य बिमा अहिले सम्म | नबराज अधिकारी | आवश्यक परामर्श गरि |

| | | | | |
|---|---|---|---|---|
| | अधिकारी | किन सवै नागरिकको पहुँचमा कायम हुन सकेन ? | /अध्यक्ष | कार्यविधि बनाएका छौं । पौष मसान्त सम्म यसको पूर्ण कार्यान्वयनका लागि हामी काम गर्दै छौं । |
| ५ | मुक्ति प्रसाद पौडेल | माण्डवी गाउँपालिका २ का पहिरो पिडितले हाल सम्म उचित राहत पाउन सकेनन | नबराज अधिकारी /अध्यक्ष | राहतका लागि आवश्यक पहल भई रहेको छ । गाउँपालिकाकाले आवश्यक खाद्यान्न सहित लत्ता कपडा उपलव्ध गराएका छौं ।<br>राहत वितरणलाई प्रभावकारी बनाउनका लागि सुरु देखिनै एकद्धार प्रणाली लागु गरेका छौ वस्तीनै पहिरोले बगाएकाले तीनको स्थानान्त्रणको विकल्प देखिदैन । त्यसका लागि गाउँपालिका संग स्रोतको अभावका कारण प्रदेश र केन्द्र सरकार संग समेत पहल गरेका छौं । |
| ६ | मुक्ति प्रसाद पौडेल | नदिजन्य पदार्थ निकासीको रोयल्टी किन दोब्बर गरियो । आम उपभोक्ता यसको मारमा छन । | प्रकाश पाण्डे /प्रमुख प्रशासकिय अधिकृत | नदिजन्य पदार्थ निकासीका लागि केन्द्रले मापदण्ड बनाएको छ । त्यो मापदण्ड लाई मिचेर हामीले काम गर्न पाउँदैनौ । त्यसैले शुल्कमा परिवर्तन आउन सक्छ ।<br>मात्राका सन्दर्भमा सम्वन्धीत कन्ट्याक्टरलाई हामीले छड्के अनुगमन गरि नागरिकलाई ठगीन दिदैनौ |
| ७ | शर्मिला विक | आर्थीक अवस्था कमजोर भएका बालवालिकालाई विद्यालय पहुँच र नियमीतताका लागि गाउँपालिकाले के योजना गरेको छ ? पढाई भन्दा पैसा ठूलो देख्ने समस्या बढ्दै छ । यसले विचमै | नबराज अधिकारी /अध्यक्ष | गरिव जेहेन्दार विद्यार्थीका लागि पढाईलाई निरन्तरता दिनका लागि आवश्यक पहल गर्ने छौं । शिक्षा शाखा सम्वन्धीत विद्यालय लगाएत संग मिलेर यो समस्यालाई कसरी सम्वोधन गर्न सकिन्छ गाउँपालिका सकारात्मक छ । |

| | | | | |
|---|---|---|---|---|
| | | पढाई छोड्ने र भारत पस्ने संगै बालविवाह समेत बढाएको छ । आर्थिक अवस्था कमजोर भएका परिवारलाई केही सृजनशिल काममा लगाए बालवालिकाले विचमै विद्यालय छोड्नु पर्ने अवस्था आउने थिएन | | |
| ८ | तुल्सीराम केसी | पर्यटन प्रर्वद्धनमा होटल व्यवसायिको महत्वपूर्ण योगदान हुने गरे पनि गाउँपालिकाले खासै वास्ता गर्दैन किन । प्रर्यटन प्रर्वद्धनको नारा लगाउने तर होटल व्यवसायीलाई वास्ता नगर्ने किन ? कुक लगाएत तालिमको व्यवस्थापन गर्नु पऱ्यो । | नबराज अधिकारी /अध्यक्ष | आवश्यक योजना बनाएर आउनुस हामी सहकार्य गर्न तयार छौं ।<br>स्वरोजगार उद्यमशिलता जस्ता कार्यक्रमवाट हामी तपाईको मागको सम्वोधन गर्ने गरि कार्यक्रम तय गर्न तयार छौं । |

**८) वर्हिगमन अभिमत पत्र तथा नागरिक प्रतिवेदन पत्र संकलनको क्रममा आएका सवाल तथा जवाफदेहि निकायको जवाफहरु :**

| क्र.सं. | सवालहरु | जवाफदेहि व्यक्ति, कार्यालय वा संस्था | जवाफ |
|---|---|---|---|
| १. | स्याउलेघारी सल्लीकोट सल्लीखर्क सीरुवारी कालीपोखरी सडक खण्डमा पहीले नियमित बजेट पर्थ्यो अहिले वजेट किन विनीयोजन भएन ? | नबराज अधिकारी /अध्यक्ष | स्तर उन्नती गर्नु पर्ने सवै सडक छन् । पालिकाको स्रोतसाधनको समस्याका कारण समस्या भएको हो । |
| २. | जेमुरेखोला सल्लीखर्क पानी पाईप विस्तार योजना अधुरो हुदाँ पनि कुनै वजेट परेन ? | नबराज अधिकारी /अध्यक्ष | निरन्तरता दिने कार्यमा गाउँपालिका सकारात्मक छ । |
| ३. | रिठेखोला तिलकनी सिंचाई पाईप अधुरो | नबराज अधिकारी | प्रदेश सरकारको वजेट तथा कार्यक्रम बाट योजना अगाडी |

| | | | |
|---|---|---|---|
| | हुदा पनि पुरा गर्न चासो दिइएन ? | /अध्यक्ष | बढेको हो । योजना होल्ड गरेर राखेका कारण समस्या आएको हो । हामी योजना पूरा गर्न पहल गरि राखेका छौं । |
| ४. | सल्लीखर्क यज्ञश्वरी प्राविमा ६ कक्षा संचालन गर्दा एक शिक्षक गापा अनुदानमा पठाउछौ भनिय पनि अहिले सम्म किन नपठाएको ? विद्यार्थी मर्कामा छन । | अक्ष्यक्ष/प्र.प्र.अ. | प्रअ तथा विद्यालय संग परामर्श गरिदै आएको छ । विद्यार्थी अनुपातमा धेरै विद्यालयमा शिक्षक दरवन्दी कमी नै छ । यो देशभरीकै समस्या हो । त्यै पनि गुणस्तरीय शिक्षाका लागि गाउँपालिका सदै सकारात्मक छ । |
| ५. | स्वर्गद्धारी प्रावि सिरुवारीमा रहेको शिक्षको विव्यस र प्रअको सहमतिविना शिक्षक किन सरुवा गरियो ? | वडाअध्यक्ष दिल बहादुर घर्ति | १ जना शिक्षक गाउँपालिकावाट व्यवस्थापन भएको छ । |
| ६. | वडा नम्वर ३ नयाँगाउ आपचौर खानेपानी अधुरो छ पुरा गर्नु पर्‍यो । | नबराज अधिकारी /अक्ष्यक्ष | प्रदेश सरकारको बजेट मार्फत पुन टेण्डर भई कार्यन्वयनका अवस्थामा अगाडी बढेको छ । |
| ७. | चिस्यान केन्द्रको व्यवस्थापनलाई सुधार गर्नु पर्‍यो । किन व्यवस्थीत गर्न सकिएन ? | नबराज अधिकारी /अध्यक्ष | प्राविधिक ज्ञान नहुदै त्यसको अध्ययन नुहुदा कठिनाई भएको । वस्तुको मुल्य भन्दा विद्युत शुल्क निकै वढी आउने भएकोले समस्या रहेको छ । आवश्यक योजना बनाएर यसको संचालनका लागि हामी पहल गर्ने छौं । |
| ८. | चकचके वजारक्षेत्रमा जोडिएको सिसिटिभी मर्मतका लागि लगिएपनि हाल सम्म किन सुचारु गर्न सकिएन ? | अक्ष्यक्ष/प्र.प्र.अ. | मर्मतका लागि त्यसको लागत निकै बढी लाग्ने हुदा मर्मत नगरिएको हो । लगत्तै गाउँसभा वस्दै छ । यो राख्ने वा नराख्ने भन्ने बारे ठोस योजना अगाडी बढाउने छौं । |

| | | | |
|---|---|---|---|
| ९. | २ नम्वर वडामा पहिरो पिडितहरुको व्यवस्थापन लाई व्यवस्थीत गर्नु पर्‍यो । चिसोका कारण जनजिवन थप प्रभावित रहेको छ । | नबराज अधिकारी /अध्यक्ष | राहतका लागि आवश्यक पहल भई रहेको छ । गाउँपालिकाकाले आवश्यक खाद्यान्न सहित लत्ता कपडा उपलव्ध गराएका छौं ।<br>राहत वितरणलाई प्रभावकारी बनाउनका लागि सुरु देखिनै एकद्धार प्रणाली लागु गरेका छौ<br>वस्तीनै पहिरोले बगाएकाले तीनको स्थानान्त्रणको विकल्प देखिदैन । त्यसका लागि गाउँपालिका संग स्रोतको अभावका कारण प्रदेश र केन्द्र सरकार संग समेत पहल गरेका छौं |
| १०. | किसानले उत्पादन गरेका कृषि उपजको बजारीकरणकालागि सहयोग गर्नु पर्‍यो । पालिकाको योजना केछ ? | नबराज अधिकारी /अध्यक्ष | सम्वन्धीत सरोकारवाला निकायसंग को सहकार्यमा आवश्यक पहल गर्ने छौं । |
| ११. | बगंलाचुलीमा माण्डवीको पहिचान दिने खालको कार्यलाई प्राथमिकतामा राख्नु पर्‍यो | नबराज अधिकारी /अध्यक्ष | दुई गाउपालिकाको साझेदारीमा यसको विकासका लागि आवश्यक कार्य अगाडी बढाउने सहमति गरिएको छ ।त्यसमा आम्दानी समेत दुवैले लिने गरि सहमति भएको हो । संरचना निर्माण कार्य अगाडी वढीरहेको छ । यसको प्रचाराक लागि आवश्यक पहल हुन्छ । |

**९. बहिर्गमन अभिमत (Exit Poll) मा सहभागीहरुको विवरण :-**


(गाँऊपालिकाबाट सेवा लिई फर्किएकाहरु सहभागी)

| जम्मा | महिला | पुरुष | दलित | जनजाति | क्षेत्री | ब्राम्हण | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४० | १२ | २८ | ११ | १४ | ७ | ८ | | |

**१०.बर्हिगमन अभिमत प्रतिवेदन विश्लेषण**

| क्र.सं | सेवाको नाम | राम्रो | ठिकै | सूधार गर्नु पर्ने |
|---|---|---|---|---|
| १ | सेवा लिन को संग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्टजानकारि भयो | ७२।५प्र. | २७।५प्र. | ० |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बूझे जस्तो लाग्यो ? | ६७।५प्र. | ३२।५प्र. | |
| ३ | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | ६७।५प्र. | ३२।५प्र. | ० |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु (प्रमाण्न कागजात र शूल्कदस्तूर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्टगरे कि ? | ७२।५प्र. | २७।५प्र. | ० |
| ५ | तपाईले राख्नूभएका समस्यालाई केकस्तो समाधान दिए ? | ६५प्र. | ३५प्र. | |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ? | ५५प्र. | ३७।५प्र. | ७।५प्र. |

कुल प्रतिशतमा हेर्दा




**नागरिक प्रतिवेदन पत्र** (Citizen Report Card) **मा सहभागी विवरण :**

| जम्मा | महिला | पुरुष | दलित | जनजाति | क्षेत्री | ब्राम्हण | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ४० | १४ | २६ | ७ | १६ | ५ | १२ | | |

**प्रतिवेदन** तयार **मिति : २०७९ पौष २५**

**सहजकर्ताको दस्तखत :**